आज मिति २०७७/१२/२४ गते भानु नगरपालिकाको नगर कार्यपालिकाको आकस्मिक बैठक नगर प्रमुख श्री उदयराज गौलीको अध्यक्षतामा बसी देहायको निर्णय गरियो ।

उपस्थिति :

नगरप्रमुख श्री उदयराज गौली

नगर उपप्रमुख श्री आशा थापा मगर

वडाध्यक्ष वडा नं १ श्री प्रेमबहादुर लामा

वडाध्यक्ष वडा नं २ श्री अर्जुन बहादुर केसी

वडाध्यक्ष वडा नं ३ श्री दलनारायण श्रेष्ठ

वडाध्यक्ष वडा नं ४ श्री पुर्णबहादुर लौंडारी भाट

वडाध्यक्ष वडा नं ५ श्री प्रकाश मल्ल

वडाध्यक्ष वडा नं ६ श्री टिकाराम हड्खले

वडाध्यक्ष वडा नं ७ श्री रामकृष्ण देवकोटा

वडाध्यक्ष वडा नं ८ श्री भरतराज ढकाल

वडाध्यक्ष वडा नं ९ श्री निलन संजीवा श्रेष्ठ

वडाध्यक्ष वडा नं १० श्री गोविन्दराज सिलवाल

वडाध्यक्ष वडा नं ११ श्री तारानरेश पौडेल

वडाध्यक्ष वडा नं १२ श्री विमल गुरुङ

वडाध्यक्ष वडा नं १३ श्री रामबहादुर बानियाँ

कार्यपालिका सदस्य श्री देवबहादुर भुजेल

कार्यपालिका सदस्य श्री लक्ष्मण मजकोटी

कार्यपालिका सदस्य श्री राममाया कुमाल

कार्यपालिका सदस्य श्री रेवती श्री श्रेष्ठ

कार्यपालिका सदस्य श्री मैंया वि.क.

कार्यपालिका सदस्य श्री सिताराम सुर्खाली

" श्री रामकला वि.क

प्रस्ताव

१.

प्रस्ताव

१. कर्मचारी आन्दोलन सम्बन्धमा ।

२. वार्ता समिति गठन सम्बन्धमा

३. प्रेश विज्ञप्ति सम्बन्धमा ।

४. विविध

निर्णयहरुः

१. प्रस्ताव नं १ माथि छलफल गर्दा यस भानु नगरपालिकाका संपूर्ण कर्मचारीहरुको मिति २०७७/१२/२० गते नगरपालिकाको कार्यालय फुस्रेटारबाट सेवा प्रवाह कार्यालय भानु १ भन्सारमा केही फर्निचर ल्याउँदै गर्दा भानु नगरपालिका वडा नं. २ का वडाध्यक्ष एवं नगर कार्यापालिका सदस्य श्री अर्जुनबहादुर के.सी. ले कर्मचारीहरुलाई चोरी आरोप लगाई प्रहरी हस्तक्षेप गरी हिरासतमा राख्ने जस्तो अमर्यादित व्यवहार गरेकोमा उक्त कार्यको घोर भर्त्सना गर्दै भानु नगरपालिकामा कार्यरत संपूर्ण कर्मचारीहरुबाट मिति २०७७/१२/२२ मा नगर प्रमुख समक्ष पेश गरेको ज्ञापन पत्रमा उल्लेख भए अनुसार निज वडाध्यक्ष समेत संलग्न भई उक्त कार्य गरेको कुरा उल्लेख भएको हुँदा सो सम्बन्धमा के भएको हो भन्ने बारेमा स्पष्टीकरण सोध्ने र यस पूर्व पनि निजले नगर कार्यपालिकाको बैठकमा निर्णय पुस्तिका केरमेट गरी च्यात्ने प्रयास गर्नुभएको, सातौं नगरसभामा नगर सभा पश्चात नगर प्रमुख लगायतका कार्यपालिका सदस्यहरु माथि दुर्व्यवहारपूर्ण ढंगले हमला गर्ने प्रयास गर्नुभएको र नियमित कार्यपालिकाको बैठक र अन्य कार्यपालिकासँग सम्बन्धित अधिकाँश बैठकहरुमा अनुपस्थित हुने गर्नुभएको तथा आजको नगर कार्यपालिकाको आकस्मिक बैठकमा नगर प्रमुख स्वयमले आमन्त्रण गर्दा पनि उपस्थित नहुनु भएको हुँदा ती कार्यहरु के कति कारणले गर्नुभएको त्यसको सत्य तथ्य व्यहोरा सहितको लिखित स्पष्टीकरण सोध्ने र मिति २०७७/१२/२६ गते विहान ११:३० बजे नयाँ शहर विकास आयोजनाको कार्यालय भन्सारको सभाहलमा हुने कार्यपालिकाको आकस्मिक बैठकमा लिखित स्पष्टीकरण सहित स्वयम उपस्थित हुन पत्राचार गर्ने र वहाँबाट चित्तबुझ्दो स्पष्टीकरण नआएको खण्डमा प्रचलित कानूनबमोजिम आवश्यक कानूनी प्रक्रियाको लागि अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाका संपूर्ण कर्मचारीहरुको तर्फबाट मिति २०७७/१२/२० को फुस्रेटार कार्यालयमा घटेको घटना सम्बन्धमा मिति २०७७/१२/२२ गते नगर प्रमुख समक्ष दिनुभएको सामुहिक ज्ञापन पत्रका सम्बन्धमा आन्दोलनरत कर्मचारीहरुसँग वार्ता गरी यथाशिघ्र काममा फर्काउन तथा समस्याको समाधान गर्ने प्रयोजनका लागि यस कार्यपालिकाको तर्फबाट देहायका व्यक्तिहरु रहेको वार्ता टोली गठन गर्ने निर्णय गरियो ।

क) श्री गोविन्दराज सिलवाल - वडाध्यक्ष वडा नं १०

ख) श्री देवबहादुर भुजेल - कार्यपालिका सदस्य

ग) श्री लक्ष्मण मजकोटी - कार्यपालिका सदस्य

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा मिति २०७७/१२/२० गतेको यस नगरपालिकाको फुस्रेटार कार्यालयमा घटेको घटना सुनियोजित अत्यन्त खेदजनक र निन्दनीय भएको ठहर गर्दै यस्ता घटना पुनः दोहोरिन नदिन, संपूर्ण कर्मचारीहरुलाई विचलित नहुन र उच्च मनोबलका साथ कार्यसम्पादन गर्न संपूर्ण कर्मचारीहरुलाई अनुरोध गर्दै यथाशिघ्र आ आफ्नो काममा फर्कन आह्वान गर्ने र सोको सम्बन्धमा यस कार्यपालिकाको स्पष्ट धारणा सहितको प्रेश विज्ञप्ति जारी गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा मिति २०७७/१२/२० गतेको यस नगरपालिकाको फुस्रेटार कार्यालयमा घटेको घटनाका सम्बन्धमा तयार गरिएको सार्वजनिक मुचुल्कालाई रद्द गरिएको जानकारी उपलब्ध गराइदिन जिल्ला प्रशासन कार्यालय तनहुँलाई अनुरोध गर्ने निर्णय गरियो ।